# शुद्धोदन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मानपकडी, रुपन्देही
### लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०८१/८२
च.नं. : १६९०

मिति: २०८१।१२।०८

जो जससंग सम्बन्धित छ ।

विषयः अनुमती विना सन्देश/ सूचना प्रकाशन प्रसारण नगर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाले आफ्नो आवश्यकता अनुसार सामयिक सन्देश तथा सूचनाहरू प्रकाशन तथा प्रसारण गर्दा स्थानीय स्वीकृत मापडण्ड अनुसार गर्ने गराउने प्रावधान रही आएको छ । यस गाउँपालिकाको नाम राखेर कुनै पनि सञ्चार माध्यम तथा प्रकाशनहरूमा आफुखुशी सन्देश वा सूचनाहरू छपाई कार्यालयमा भुक्तानीका लागि पेश गर्ने र दवाव सिर्जना गर्ने क्रियाकलापहरूमा वृद्धि हुँदै आएको अवस्था छ । अतः अब उपरान्त विनास्वीकृति छापेर वा प्रसारण गरेर भुक्तनीका लागि बिल मात्र पेश गर्नेहरूलाई कार्यालयबाट उक्त भुक्तानी गर्न बाध्य हुने छैन । साथै अनाधिकृत पदाधिकारीको स्वीकृतिलाई (फोन सम्पर्कबाट लिइएको स्वीकृतिलाई मान्यता दिइने छैन ।) पुनश्चः यस गाउँपालिकाको कुनै पनि विषय वा क्षेत्रमा खोजमूलक तथा सिर्जनात्मक समाचार/ सन्देश/ सामग्री तयार गरी प्रकाशन तथा प्रसारण गर्ने संस्था वा व्यक्तिलाई उचित प्रोत्साहन समेत प्रदान गरिनेछ ।

बिष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत



CamScanner